नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

# वैदेशिक रोजगार विभाग

## ई.पी.एस.कोरिया शाखा

ग्वार्को, ललितपुर ।

मितिः २०७९।०५।१९

**विषयः पुनः ध्यानाकर्षण गराईएको सम्वन्धमा**

विश्वभर संक्रमणको रुपमा रहेको कोभिड १९ कोरोना भाईरसका कारण २०७६ चैत्र महिनादेखि ई. पी. एस. प्रणालीमार्फत कामदारहरु दक्षिण कोरिया जाने प्रक्रिया रोकिएकोमा उक्त प्रक्रिया २०७८ कार्तिक महिनादेखि सुचारु भएको व्यहोरा सर्वविदितै छ । उक्त महिनादेखि २०७९ भाद्र १५ गतेसम्मको अवधिमा ८८७० जना कामदारहरु दक्षिण कोरिया पुगिसकेका छन् ।यसै सन्दर्भमा, यस शाखाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु शाखालाई तोकिएको क्षेत्राधिकारको परिधिभित्र रही नियम प्रक्रिया अनुसार सम्पादन हुने गर्दछ ।यस शाखा कार्यालय परिसर भित्र एवं वाहिर शाखाबाट प्राप्त हुने सेवाका लागि आउने सम्वन्धित सेवाग्राहीहरुलाई छिटो छिटो सबै काम मिलाईदिन्छु भनी आफै वा कर्मचारीहरुको नाममा विभिन्न समयमा विभिन्न व्यक्तिहरु, कर्मचारीहरू तथा ई. पी. एस. पासरहरु मध्येकाले समेत सम्वन्धित सेवाग्राहीहरुसँग रकम माग गरी ठगी गर्ने गरेको भनी गुनासो आएकोले कोही कसैबाट काम, प्रक्रिया छिटो मिलाईदिन्छु भनी रकम माग गरेमा, विभिन्न प्रलोभन देखाएमा त्यस्ता व्यक्तिहरुबाट सजग रहन, प्रलोभनमा नपर्न र त्यस्तो कोही कसैबाट भएमा त्यस्तो सूचना यस शाखामा वा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा दिनुहुन अनुरोध छ । त्यस्ता कार्यमा संलग्न हुनेहरुलाई कानूनी दायरामा ल्याई कडा कारवाही गर्न यस शाखाको अनुरोधमा सम्वन्धित निकायबाट अनुगमन एवं निगरानीको कार्य भईरहेको छ । सूचना दिने व्यक्तिको विवरण गोप्यराखी त्यस्तो गतिविधि तथा ठगी कार्यमा संलग्नहरुलाई कानून वमोजिम कडा कारवाही गरिने व्यवस्था मिलाईएको छ ।अनलाईनको माध्यमबाट गर्नु पर्ने कामहरुको नमूना यस शाखाको वेवसाईटमा राखिएकोले उक्त कार्य स्वयमले मोवाईल तथा कम्प्यूटरबाट गर्न सकिने तथा आवेदन फारम पनि स्वयमले भर्नुहुन अनुरोध गरिन्छ। साथै, कार्यालय परिसर बाहिर रहेका विमा, फोटोकपी, कम्प्यूटर प्रिन्टिङ लगायतका सेवा लिदा प्रचलित दररेट भन्दा वढी रकम नदिनुहुन र अनुचित ढंगले वढी रकम लिएमा नजिकको प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय, ललितपुरमा खवर गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो ध्यानाकर्षण सूचना पुनःप्रकाशित गरिएको छ ।

२०७९।०५।१९

पुष्पराज कट्वाल

निर्देशक